# कोरोना भाइरस जोखिम न्युनिकरणका लागि निजगढ नगरपालिका होटेल, रेस्टुरेण्ट, पसल, व्यबसाय,बैङक तथा बित्तिय संस्थाहरु सञ्चालन कार्यबिधि:२०७७

निंजगढ नगरपालिका, बारा।
प्रदेश नम्बर २
प्रमाणिकरण मिति:२०७७/०३/०५

Scanned with CamScanner

कोरोना भाइरस जोखिम न्युनिकरणका लागि निजगढ नगरपालिका होटेल, रेस्टुरेण्ट, पसल, व्यवसाय,बैङक तथा बित्तिय संस्थाहरु सञ्चालन कार्यविधि:२०७७

प्रस्तावना:

नेपालको संविधानको अनुसुचि ८ मा स्थानिय तहको अधिकारको सुचि अन्तरगत स्थानिय व्यवसायको नियन्त्रण, प्रवर्दन तथा सञ्चालन स्थानिय तहको दायित्व भएको र होटेल,व्यवसाय, पसलहरु, बैङक तथा वित्तिय संस्थाहरुलाइ नियमित रुपमा सञ्चालन गर्दा हाल महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको जोखिम न्युनिकरण गर्न तथा यसको संक्रमणलाइ फैलिन नदिन नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिकाले कोरोना भाइरस जोखिम न्युनिकरणका लागि निजगढ नगरपालिका होटेल, रेष्टुरेन्ट, पसल, व्यवसाय,बैङक तथा वित्तिय संस्थाहरु सञ्चालन कार्यविधि २०७७ जारी गरेको छ।

परिच्छेद:१

प्रारम्भिक:

१.संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम "कोरोना भाइरस जोखिम न्युनिकरणका लागि निजगढ नगरपालिका होटेल, रेस्टुरेण्ट, पसल, व्यवसाय,बैङक तथा वित्तिय संस्थाहरु सञ्चालन कार्यविधि:२०७७" रहेको छ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषा: बिषय या प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) 'ऐन' भन्नाले स्थानिय सरकार संञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ख) 'नगरपालिका' भन्नाले निजगढ नगरपालिका सम्झनु पर्दछ।

(ग) वडा' भन्नाले निजगढ नगरपालिका अन्तरगत रहेका १३ वटै वडाहरु सम्झनु पर्दछ।

(घ) 'होटल' व्यवसायी संघ भन्नाले निजगढ होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघ सम्झनु पर्दछ।

(ङ) 'उधोग वाणिज्य संघ' भन्नाले निजगढ नगर उधोग वाणिज्य संघ सम्झनु पर्दछ।

(च) 'पसल, व्यवसाय , होटेल, रेष्टुरेण्ट, वैङक तथा वित्तिय संस्था' भन्नाले निजगढ नगरपालिका भित्र सञ्चालित पसल, व्यवसाय , होटेल, रेष्टुरेण्ट, वैङक तथा वित्तिय संस्थाहरु सम्झनु पर्दछ।

(छ) 'सुरक्षाकर्मि' भन्नाले निजगढ नगरपालिका भित्र स्थापित इलाका प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालय र ससत्र सुरक्षा वेस क्याम्प गरी तिंन वटै सुरक्षा निकाय सम्झनुपर्दछ।

## परिच्छेद-२

## उदेश्य

३. उधेश्यः यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन्।

(क) निजगढ नगरपालिका भित्र संचालित पसल व्यवसायहरु, होटेल, रेष्टुरेण्ट तथा वैंकिङ क्षेत्रहरु नियमित रुपमा सञ्चालन गर्नु।

(ख) कोरोना भाइरसको संक्रमणलाइ फैलिन नदिन तथा यस महामारीको जोखिम न्युनिकरण गर्न।

(ग) होटेल, पसल तथा व्यवसायहरु नियमित रुपमा सञ्चालन गरी जनताहरुलाइ सो सुविधा प्रदान गर्न।

(घ)पसल व्यवसाय, वैंकिङ क्षेत्र संग सम्वन्धित नागरीकका समस्याहरुलाइ समाधान गर्न।

## परिच्छेद-३

## होटेल, रेष्टुरेण्ट संचालन सम्वन्धि मापदण्ड

४.होटेल, रेष्टुरेण्ट सञ्चालन सम्वन्धि मापदण्डः निजगढ नगरपालिका भित्र संचालित होटेल रेष्टुरेण्ट व्यवसायीहरुले होटेल तथा रेष्टुरेण्ट सञ्चालन गर्नका लागि देहायबमोजिमको मापदण्डका आधारमा सञ्चालन गर्नुपर्नेछ।

(क) अर्को व्यवस्था नभएसम्म होटेल, रेष्टुरेण्ट, चिया पसलहरुले दैनिक रुपमा विहान ७ वजे देखि वेलुका ७ वजे सम्म मात्र आफ्नो होटेल, रेष्टुरेण्ट, चिया पसलहरुको व्यवसाय सञ्चालन गर्न पाउने छन्।

(ख) होटेल, रेष्टुरेन्ट, चिया पसलहरुमा विभिन्न स्थानवाट मानिसहरु आइ जमघट हुने र कोरोना भाइरस संक्रमणको जोखिम वढि हुने भएकोले कुनै पनि व्यक्ति होटेल, रेष्टुरेन्ट, चिया पसलहरुमा

Scanned with CamScanner

वसि खाजा, खाना, मधिराजन्य पदार्थहरु, चिया खानको लागि निषेध गरिएको अथवा होटेल रेष्टुरेन्ट, चिया पसलहरुमा डाइनिङ गर्न पाइने छैन तर होटेल, रेष्टुरेण्ट, चिया पसल गर्ने व्यवसायिहरुले ग्राहकको अर्डर तथा अनुरोध बमोजिम खाजा, खाना, चिया प्याकिङ गरी वा अन्य माध्यमबाट होम डेलिभरी गर्न पाउने छन्।

(ग) होटेल, रेष्टुरेण्ट व्यवसायीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि देहाय बमोजिमका कार्यहरु अनिवार्य रुपमा गर्नु गराउनु पर्नेछ।

(१) होम डेलिभरी वाहेक ग्राहकहरु स्वयं नै अर्डर लिनका लागि होटेल रेष्टुरेण्ट सम्म आउने भएकोले खाजा, खाना अर्डर गर्न आएका ग्राहकहरुमा संक्रमण नफैलियोस भनि सामाजिक दुरि कायम गराउन होटेल रेष्टुरेन्ट अगाडि अनिवार्य रुपमा सर्कल मार्क वनाउनु पर्ने र सोहि सर्कल मार्कमा ग्राहकहरुलाइ राखि सामाजिक दुरी कायम गराउँदै संक्रमणको जोखिम न्युनिकरण गराउने।

(२) होटेल तथा रेष्टुरेण्टहरुमा अनिवार्य रुपमा स्यानिटाइजर र सावुन पानिले हात धुने व्यवस्था मिलाउने।

(३) होटेल तथा रेष्टुरेण्टमा काम गर्ने व्यक्तिहरुलाइ अनिवार्य रुपमा मास्क तथा पन्जा लगाउन लगाउने।

(४) माथि उल्लिखित मापदण्ड पालना गरे नगरेको नगरपालिका, उधोग वाणिज्य संघ, होटेल व्यवसाय संघ, सुरक्षाकर्मि सहितको टोलीले अनुगमन गरी प्रतिवद्दता पत्रमा हस्ताक्षर गरे पश्चात मात्र व्यवसाय खोल्न पाउनेछन्।

(क) उपदफा 'क' बमजिमको अनुगमन नियमित रुपमा गर्ने देहायवमोजिमको एक अनुगमन समिति रहनेछ र त्यस समितिले यस कार्यविधिमा रहेका कुनै पनि दफा को उल्लंघन गरेको पाइएमा तत्काले कारवाही गर्न सक्ने पुर्ण अधिकार रहनेछ।

अनुगमन समितिः

१.इलाका प्रहरी कार्यालयको प्रतिनिधि-१

२. जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि-१

३.ससत्र प्रहरी वेश क्याम्पको प्रतिनिधि-१

४.निजगढ नगर उधोग बाणिज्य संघको प्रतिनिधि-१

५. निजगढ होटेल तथा रेष्टुरेण्ट संघको प्रतिनिधि-१

Scanned with CamScanner

६. निजगढ स्थायीवासी पत्रकार प्रतिनिधि-१

७.निजगढ नगरपालिका बाट कर्मचारी प्रतिनिधि-१

परिच्छेद- ४

लज सञ्चालन सम्बन्धमा

५.लज सञ्चालन सम्बन्धमाः निजगढ नगरपालिका भित्र रहेका सवै लजहरुलाइ नेपाल सरकारको मापदण्ड अनुरुप क्वारेनटाइन प्रयोजनका लागि सञ्चालन गर्न दिइने छ।

परिच्छेद-५

पार्टी प्यालेस सञ्चालन सम्वन्धि मापदण्ड

६. पार्टी प्यालेस सञ्चालन सम्वन्धि मापदण्डः निजगढ नगरपालिका भित्र सञ्चालित पार्टि प्यालेसहरुले व्यवसाय सञ्चालन गर्दा देहाय बमोजिमको मापदण्ड पालना गर्नुपर्ने छ।

(क) पार्टी प्यालेसहरुले बिवाहा, भोज बिभिन्न संघ संस्थाको तथा कुनै पनि कार्यक्रम गर्दा अधिकतम २५ जना मात्र मानिसहरु हुने गरी कार्यक्रमहरु पार्टी प्यालेसले आयोजना गर्न सक्नेछ।

(१) उपदफा "क" मा जेसुकै कुरा लेखिएको भएता पनि निजगढ नगरपालिकाको नगर सभा सञ्चालन गर्ने हकमा भने सो दफाले बाधा गर्ने छैन।

(ख) पार्टी प्यालेसहरुले पार्टी प्यालेस भित्र राखि खाना,खाजा खुवाउन पाउने छैनन अथवा पार्टि प्यालेस भित्र डाइनिङ गर्न पुर्ण रुपमा निषेध गरिएको तर प्याकिङ गरिएको खानेकुरा कार्यक्रममा सहभागिलाइ उपलब्ध गराउन सक्नेछन्।

(ग) कार्यक्रम गर्दा सहभागि वस्ने स्थान अनिवार्य रुपमा दायाँ बायाँ अघि पछि १-१ मिटर को सामाजिक दुरी कायम हुने गरी तय गर्नु पर्नेछ।

(घ) कार्यक्रम स्थलमा सहभागिहरुलाइ अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको व्यवस्था गरी प्रयोग गर्न लगाउने।

परिच्छेद ६

## पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा

७. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः निजगढ नगरपालिका भित्र रहेका सम्पुर्ण पसल तथा व्यवसायहरु अर्को व्यवस्था नभएसम्मका लागि देहायको समय र वारमा सञ्चालन हुनेछन्।

(क)

| खुल्ने समय | आइतबार,मंगलबार, बिहिबार र शनिबार खुल्ने व्यवसायहरु | सोमबार, बुधवार र शुक्रबार खुल्ने व्यवसायहरु |
|---|---|---|
| खुल्ने ११ देखि ४वजे | किराना पसल, खाधान्न पसलहरु, पुस्तकपसल,कपडा(रेडिमेड), कस्मेटिक्स, जुत्ता पसल, टेलरिङ, भांडा पसल, सुन चाँदि, फोटो स्टडियो | हार्डवेयर,इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, मेसिनरी पार्टपुर्जा,ग्रिल उधोग, फर्निचर, फ्लोरिङ, मोटरसाइकल, साइकल, |

| क्र.स. | दैनिक रुपमा बिहान ६ बजे देखि १० बजेसम्म र बेलुका ४ बजे देखि ७ बजे सम्म मात्र खुल्ने व्यवसायहरु |
|---|---|
| १. | हरियो तरकारी, माक्षा मासु, फलफुल, अण्डा सम्बन्धि व्यवसायहरु |

| क्र.स. | २४ सै घण्टा खुल्ने व्यवसायहरु |
|---|---|
| १. | औषधि पसल, दुग्ध व्यवसायहरु, एग्रो भेट सम्बन्धि व्यवसायहरु |

(ख) पसल तथा व्यवसायीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि देहाय बमोजिम मापदण्डको पालना गर्नु गराउनु पर्नेछ।

१. आफ्नो पसल तथा व्यवसाय सञ्चालन गर्ने स्थान अगाडि सेवाग्राहिलाइ सामाजिक दुरी कायम गराउन अनिवार्य रुपमा सर्कल मार्क गर्ने।

२. सावुन पानि तथा स्यानिटाइजरको अनिवार्य रुपमा व्यवस्था गर्ने र प्रयोग गर्न लगाउने।

३. आफ्नो पसल तथा व्यवसाय सञ्चालन गर्ने स्थान अगाडी धेरै भिडभाड हुने स्थिति सिर्जना गर्न नदिने।

Scanned with CamScanner

४. सबै पसल व्यवसायीहरुले सामान किन्न आएका ग्राहकहरुको जानकारी लग बुक बनाइ अनिवार्य रुपमा राखुपर्ने।

५. किराना पसल र तरकारी पसल एकै ठाउँमा राखि व्यवसाय गर्न पाइने छैन।

६. आफ्नो पसल तथा व्यवसाय माथि दफा 'क' मा उल्लिखित बारमा मात्र सञ्चालन गर्ने।

परिच्छेद ७

बैङक तथा बित्तिय क्षेत्र सञ्चालन सम्वन्धि मापदण्ड:

८. बैङक तथा बित्तिय क्षेत्र सञ्चालन सम्वन्धि मापदण्ड: निजगढ नगरपालिका भित्र स्थापित भइ सञ्चालनमा रहेका बैङक तथा वित्तिय संस्थाहरुले कोरोना भाइरस जोखिम न्युनिकरणका लागि देहाय बमोजिम मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(क) मास्क तथा स्यानीटाइजरको व्यवस्था गर्ने र प्रयोग गर्न लगाउने।

(ख) धेरै भिडभाड हुने सामाजिक सुरक्षा भत्ता वितरण जस्ता कार्यलाइ नागरिकका घरसम्मं पुर्याइ अथवा अन्य उत्तम विकल्प प्रयोग गरी सो कारणले बैङकमा भिडभाड हुने अबस्था सिर्जना हुन नदिने र बैङक तथा वित्तिय संस्थाहरुको मुल ढोका अगाडी सेवाग्राहीको अत्याधिक चाप हुने र कोरोना भाइरस संक्रमण फैलिने जोखिम हुने भएकोले बैङक तथा वित्तिय संस्थाहरुले सबै सेवाग्राहिलाइ कम्तिमा १ मिटर सामाजिक दुरी कायम हुने गरी लाइनको व्यवस्थापन बैङक तथा वित्तिय संस्थाहरु स्वयंले गर्नुपर्ने।

(ग)बैङक तथा वित्तिय संस्थाहरुले जनचेचता कार्यक्रम गरी भरसक मोबाइल बेन्किङ प्रयोग गर्नका लागि आफ्ना ग्राहकहरुला अभिप्रेरित गर्ने।

परिच्छेद ८

जरिवाना:

९.जरिवाना: यस कार्यविधिमा उल्लेख भएका कुनै पनि दफा, उपदफा तथा नियम को उल्लंघन गरेको पाइएमा पहिलो पटकका लागि रु १ हजार दोश्रो पटकका लागि रु २ हजार तेश्रो पटकका लागि ३ हजार साथै अन्य कानुन बमोजिमको कारवाही प्रक्रिया अघि बढाइनेछ।

Scanned with CamScanner

परिच्छेद ९

## कार्यविधि लागु तथा अमान्य हुने

१०. कार्यबिधि लागु तथा अमान्य हुनेः (क) यस कार्यविधिमा उल्लेख भएका नियमहरु अन्य कुनै कानुन संग बांझिएको हदसम्म बाँझिएका ति दफा तथा वाक्यहरु स्वत खारेज हुनेछ।

(ख) कोरोना भाइरस जोखिम न्युनिकरणका लागि निजगढ नगरपालिका होटेल, रेस्टुरेण्ट, पसल, व्यबसाय,बैङक तथा बित्तिय संस्थाहरु सञ्चालन कार्यबिधिः२०७७ निजगढ नगरपालिका नगर कार्यपालिका बाट पारित भइ नगर प्रमुखबाट प्रमाणिकरण भए पश्चात मात्र लागु हुनेछ।

Scanned with CamScanner